लोक सेवा आयोगको सूचना

केन्द्रीय कार्यालय, कमलपोखरी

सूचना तथा प्रकाशन शाखा

सूचना नं.: ७३६/०८३-८४ प्रकाशन मिति : २०८३/७/१७

नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, मेडिकल अंकोलोजी उपसमूह, कन्सल्टेन्ट मेडिकल अंकोलोजिष्ट पद, तह नवौंको विज्ञापन संशोधन सम्बन्धमा ।

आयोगबाट मिति २०८३/०६/२८ मा प्रकाशित विज्ञापन सूचना अनुसार नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, मेडिकल अंकोलोजी उपसमूह, कन्सल्टेन्ट मेडिकल अंकोलोजिष्ट पद, तह नवौंको ४ वटा माग पद प्राप्त भएकोमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (१) तथा लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७९ को अनुसूची-३ को (२.३) बमोजिम पदसङ्ख्या निर्धारण गर्दा एक पद कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने पदपूर्तितर्फ, दुई पद आन्तरिक प्रतियोगिताद्वारा हुने पदपूर्तितर्फ र एक पद समावेशी समूहतर्फको आदिवासी /जनजातीतर्फ विज्ञापन प्रकाशन भएकोमा सो पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा र आन्तरिक प्रतियोगिता तर्फ सम्भाव्य उमेदवार नभएको तथा पदपूर्ति हुने अवस्था नहुँदा अस्पतालको सेवा प्रवाह समेत प्रभावित हुने भएकोले विज्ञापन संशोधन गरिदिन भनी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको पत्र सङ्ख्या ०८३/८४, चलानी नम्बर १११६, मिति २०८३/०७/१६ को पत्रबाट अनुरोध भई आएकोले आयोगको मिति २०८३/०७/१७ को निर्णयानुसार कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सूचना नं ८२/०८३-८४ तर्फ एक पद र आन्तरिक प्रतियोगिताद्वारा हुने विज्ञापन नं. १७२०७/०८३-८४ तर्फ दुई पद संशोधन गरी देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क्र. सं.	विज्ञापन नम्बर	सेवा, समूह, उपसमूह/तह	विज्ञापनको किसिम	जम्मा माग पद संख्या	कैफियत
१.	१७२६१/०८३-८४	नेपाल स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी, कन्सल्टेन्ट मेडिकल अंकोलोजिष्ट/नवौं	खुला	३ (तीन)	

दरखास्त फाराम बुझाउने अन्तिम मिति: २०८३/०७/२४ गते सम्म ।

लिखित परीक्षा: २०८३/०६/२८ मा प्रकाशित विज्ञापन सूचनामा उल्लेख भए बमोजिम ।

पुनश्च: शैक्षिक योग्यता, सेवा अवधी, उमेर, अनुभव लगायतका विज्ञापन सम्बन्धी शर्तका विषयमा मिति २०८३/०६/२८ मा प्रकाशित विज्ञापन सूचना बमोजिम नै हुने ।

www.psc.gov.np